आकाशवाणी समाचार- नेपाली
मितिः २१ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- मुख्यमन्त्री ममता ब्यानर्जीले आगामी 28 जनवरीमा सिंगुर भ्रमण गर्नुहुनेछ |
- एसआईआर सुनवाईलाई लिएर पश्चिम बंगालमा फेरि भयो हिंसक प्रदर्शनी |
- अभिषेक ब्यानर्जीले तृणमूल प्रतिनिधिमण्डलको साथमा 27 जनवरीमा सीईओलाई भेट्ने |
- बङ्गालको कृषि विभागद्वारा मौसममैत्री धानका चार नयाँ जातहरू विकास|
- आगामी 23 देखि 26 जनवरी सम्म सिलीगुड़ीम आयोजन गरीनेछ चार दिवसीय पुष्प प्रदर्शनी |

**मुख्यमन्त्री ममता ब्यानर्जी 28 जनवरीमा सिंगुर दौड़ाहमा जाने**

हुगली जिल्लाको सिंगुर फेरि एक पटक पश्चिम बंगालको राजनीतिको केन्द्र बन्न पुगेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले हालैमा र्‍याली गरेपछि अब यसै महिना मुख्यमन्त्री ममता ब्यानर्जी पनि सिंगुर गइरहेकी छन्। प्राप्त जानकारी अनुसार मुख्यमन्त्रीले आगामी 28 जनवरीका दिन सिंगुरमा जनसभा गर्नेछन्। यस सभामा राजनीतिक सन्देश मात्र दिइनेछैन जबकि मञ्चबाटै 'बंगलार बाड़ी' (आवास योजना)-को किस्ता पनि लाभार्थीहरूलाई सुम्पिइनेछ। मुख्यमन्त्रीले भ्रमण गर्ने खबर फैलिनसाथ सम्पूर्ण हुगली जिल्लामा तयारी द्रूत गतिमा भइरहेको छ। राजनीतिक गल्लीहरूमा ठूलो घोषणा हुने अड़कल पनि गरिँदैछ।
उल्लेखनीय छ, गत आइतवार प्रधानमन्त्री नरेन्द्र मोदीले सिंगुरमा जनसभालाई सम्बोधन गरेका थिए। प्रधानमन्त्रीको भ्रमण सिद्धिएको लगत्तै मुख्यमन्त्री ममता ब्यनर्जी त्यस क्षेत्रको भ्रमणमा जानुलाई राजनीतिक रूपमा अत्यन्त महत्वपूर्ण मानिँदैछ।

यसबीच राज्य मन्त्रीसभाले पहिला नै सिंगुरमा 500 कड़ोर रुपियाँको निवेशलाई मञ्जुरी दिसकेको छ। यहाँ 11.35 एकड़ जमीन आवन्टन गरिएको छ र काम पनि शुरू हुने खबर छ। मुख्यमन्त्रीको सभाबाट 'बंगलार आवास योजना' -को किस्ता पनि वितरण गरिनेछ।

**एसआईआर सुनवाईलाई लिएर पश्चिम बंगालमा फेरि बबाल, हिंसक प्रदर्शन**

भोटर सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर)- को सुनवाईलाई लिएर फेरि पश्चिम बंगालका विभिन्न भागहरूमा तनाउ फैलिएको छ। दक्षिण 24 परगनाको बासन्तीमा सुनवाई केन्द्रमा तोड़फोड़ भएको घटना प्रकाशमा आएको छ भने ढोलाहाटमा सड़क जाम गरी टायर बालेर विरोध प्रदर्शन गरिँदैछ। अर्कोतिर हुगलीको पोलबा क्षेत्रमा 'फारम-7'-लाई लिएर तृणमूलले व्यापक प्रदर्शन गर्‍यो। हिज बिहानदेखि नै राज्यका भिन्न-भिन्न भागहरूमा विशेष गरी दक्षिण 24 परगनामा स्थिति तनाउपूर्ण भएको छ।

एसआईआर प्रक्रिया शुरू भएदेखि नै यसलाई लिएर लगातार प्रश्न उठिरहेको छ। आरोप छ, एसआईआरको नाममा उनीहरूलाई अनावश्यक रूपमा हैरान बनाइरहेको छ। सुनवाईको नोटिस पठाएर घण्टौंसम्म लाइनमा उभाइन्छ।

बासन्तीको बीडीओ कार्यालयमा जहाँ एसआईआरको सुनवाई केन्द्र अवस्थित छ,-मा हिज होहल्ला मचियो। आरोप छ, नोटिस पठाएर मानिसहरूलाई बोलाइँदैछ अनि घण्टौसम्म उनीहरूलाई सताइरहेको छ। यसै असन्तुष्टिको कारणले एक समुहले बीडीओ कार्यालयमा पसेर तोड़फोड़ गऱ्यो। त्यसपछि प्रदर्शनकारीहरूले एसआईआरमा कथित उत्पीड़नको विरोधमा बासन्ती राज्य सड़कलाई जाम गरिदिए। हिज बिहान लगभग 10 बजेदेखि करिब एक घण्टासम्म सड़क अवरूद्ध भयो पछि पुलिसले स्थितिलाई नियन्त्रण गऱ्यो।दक्षिण 24 परगनाकै ढोलाहाट क्षेत्रमा पनि यसरी नै विरोध भएको देख्न पाइयो। हिज बिहान 9 बजेदेखि मादादरपाड़ा क्षेत्रमा प्रदर्शनकारीहरूले सड़कमा टायर बालेर ढोलाहाट–रामगंगा रोडलाई पूर्ण रूपले अवरूद्ध गरिदिए। यसले गर्दा यातायात पूर्ण रूपमा ठप्प भयो। स्कूल जाने विद्यार्थी, कार्यालय जाने कर्मचारी तथा मालवाहक वाहनहरूको लामो ताँत लाग्यो पछि ढोलाहाट थानाको पुलिसले धटनास्थलमा पुगेर प्रदर्शनकारीहरूसित बातचित गरी जामलाई हटायो।

## अभिषेक ब्यानर्जीले तृणमूल प्रतिनिधिमण्डलको साथमा 27 जनवरीमा सीईओ कार्यालयमा ऱ्याली निकाल्ने

तृणमूल कंग्रेसका लाेकसभा सांसद औ राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले आगामी 27 जनवरीमा पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी (सीईओ) मनोज अग्रवालसित भेट गर्नका लागि कोलकातास्थित सीईओ कार्यालयमा जानेछन्। यस अवधि उनको साथमा पार्टीका अन्य दशजना नेताहरूको एक प्रतिनिधिमण्डल पनि हुनेछ। तृणमूल कंग्रेसका एकजना नेताले बताउनुभयो , सीईओसित भेट गर्नको लागि ई-मेल मार्फत आवेदन पठाइएको छ। यो कदम यस्तो समयमा उठाइएको छ जतिबेला एक दिनअघि पार्टीले उच्चतम न्यायालयको त्यस आदेशलाई ठूलो जीत बताएको थियो जसमा निर्वाचन आयोग (ईसीआई)-लाई निर्देश दिइएको छ, पश्चिम बंगालमा मतादाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रिया अन्तर्गत 'लजिकल डिस्क्रेपेन्सी' श्रेणीमा राखिएका मतदाताहरूको सत्यानको प्रक्रिया पारदर्शी होस् र यसमा नागरिकहरूलाई अनावश्यक तनाउ वा असुविधा नहोस्।
पार्टी सूत्र अनुसार ई-मेलमा बैठकको एजेण्डालाई स्पष्ट रूपमा उल्लेख गरिएको छै। यसमा यति मात्र भनिएको छ, अभिषेक ब्यनर्जीको नेतृत्वमा प्रतिनिधिमण्डलले राज्यमा भइरहेको एसआईआर प्रक्रियासित सम्बन्धित केही महत्वपूर्ण मुद्दाहरूमाथि चर्चा गर्नको लागि सीईओ कार्यालयको भ्रमण गर्नेछ।
स्मरण गराइन्छ, गत 31 दिसम्बर, 2025- मा अभिषेक ब्यनर्जीले दिल्लीमा मुख्य निर्वाचन आयुक्त (सीईसी) ज्ञानेश कुमारसित पनि भेट गरेका थिए जहाँ उनको साथमा दश सदस्यीय प्रतिनिधिण्डल उपस्थित थियो। त्यस बैठकपछि उनले 'लजिकल डिस्क्रेपेन्सी'-को नाममा मानिसहरूलाई हैरान बनाएको आरोप लगाएका थिए। साथै उनले यो माग पनि गरेका थिए, सुनवाई केन्द्रहरूमा बूथ लेभल एजेन्ट-2 (बीएलए-2)-लाई उपस्थित रहने अनुमति दिइयोस्।

## बङ्गालको कृषि विभागद्वारा मौसममैत्री धानका चार नयाँ जातहरू विकास

राज्यको कृषि विभागले राज्यको हावापानीका लागि उपयुक्त चार नयाँ उच्च उत्पादन दिने धानका जातहरू विकास गरेको छ। राज्यका किसानहरूका लागि यो महत्त्वपूर्ण कदम रहेको छ ।
पुरुलिया खडेरी प्रतिरोध अनुसन्धान केन्द्र र चिन्सुरा धान अनुसन्धान केन्द्रमा धेरै वर्षको अनुसन्धानपछि यी प्रजातिहरूको विकास सम्भव भएको छ। यी चार नयाँ मौसम-अनुकूलित प्रजातिहरू मध्ये तीन राज्यको पश्चिमी भागहरू जस्तै पश्चिम मेदिनीपुर, पुरुलिया र बाँकेराका लागि विकास गरिएको छ। यी जातले खरीफ मौसममा प्रतिहेक्टर ५२ देखि ५५ क्विन्टलसम्म उत्पादन दिन सक्ने दाबी छ। दक्षिण बंगालको बाढी जोखिमयुक्त क्षेत्रका लागि 'इरावती' नामको प्रजातिको विकास गरिएको छ । यो जात लामो समयसम्म पानीमा डुब्दा पनि बिग्रँदैन र तीव्र आँधीबेहरीमा पनि झर्दैन। 'यी चार प्रजातिहरूलाई मिलाएर २०११ देखि राज्य सरकारले किसानहरूको फाइदाका लागि अनुसन्धानको माध्यमबाट कुल २५ नयाँ बाली प्रजातिहरू विकास गरेको छ, जसमध्ये १५ धान प्रजातिहरू हुन्।यी नयाँ प्रजातिको विकासले हरेक वर्ष खडेरी वा अत्यधिक वर्षाका कारण आउने बाढीका कारण बालीमा हुने ठूलो क्षतिको समस्यालाई कम गर्न सकिने कृषि वैज्ञानिकको विश्वास छ।

## मालदामा हतियार तस्करीको ठूलो नेटवर्क विफल, प्रचुर मात्रामा अवैध हतियार जफत

मालदा जिल्ला पुलिसले जिल्लामा हतियार तस्करीको ठूलो षड्यन्त्रलाई विफल पारेको छ। दुई अलग-अलग क्षेत्रमा अचानक गरिएको छापामारीमा पुलिसले 15 बन्दुक, आठ म्यागजिन र 25 राउन्ड जीवित कारतूस जफत गरेको छ। यस मामिलामा संलग्न दुई हतियार तस्करलाई पक्राउ गरिएको छ। मालदा जिल्ला पुलिसले पत्रकार सम्मेलनमा यो घोषणा गरेको हो।अधिकारीहरू अनुसार, गुप्त सूचनाको आधारमा इंग्लिशबजार थाना पुलिसले सोमवार राति मिल्की क्षेत्रमा छापा मार्‍यो। जसमा 20 वर्षीय मैनुल हसन नामक युवक लाई पक्राउ गरिएको छ। खोजीको क्रममा उदेखि दश वटा पाइप गन, 7 एमएमको पेस्तोल र पाँच राउन्ड जीवित कारतूस जफत गरियो। पक्रा परेको मैनुल हसन मुर्शिदाबाद जिल्लाको लालगोला थाना क्षेत्रको मिर्जादपुरको बासिन्दा हो।यसैबीच कालियाचक थाना पुलिसले सुजापुर क्षेत्रको एक पसलमा छापा मार्‍यो। खोजीको क्रममा चारवटा 7 एमएम पेस्तोल, आठ म्यागजिन र 20 राउन्ड ताजा गोली जफत गरिएको छ। यस अवधि कालियाचकको बलिहारपुर क्षेत्रको निवासी 45 वर्षीय मोहम्मद अनारुल हक लाई पक्राउ गरिएको छ।पुलिसको प्रारम्भिक अनुमान अनुसार, यो ठूलो मात्रामा हतियार ठूलो अपराध गर्ने उद्देश्यले तस्करी गरिएको थियो। यस तस्करी समूहका मुख्य योजनाकारहरूको पहिचान गर्न पुलिसले हाल पक्रा परेका दुई संदिग्धहरूसित सोधपुछ गरिरहेको छ।

**घैयाबारीको अप्पर गैरी गाउँमा जीर्णावस्थाको घर ढल्यो**

तीनधारे महानदी समष्टि अन्तर्गत घैयाबारी ग्राम पञ्चायत तीनको अप्पर गैरी गाउँ निवासी अरुणा ठटालको घर ढलेको छ। विगत केही वर्षदेखि जीर्णावस्थामा पुगेको घरमा बस्दै आएका अरुणा ठटालको घर राति ढलेको जानकारी प्राप्त भएको छ। यस घटनाको समय अरुणा ठटाल घरभित्र नै थिए। तर, भाग्यवश उनलाई कुनै चोट पटक भने लागेन। आफ्नो घरको यस्तो स्थिति भएपछि उनले दु:ख व्यक्त गरेका छन्।
भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिका प्रवक्ता बिपन विश्वकर्मले पीडितको घरको अवस्थाको बारेमा एक वर्ष अघि नै सूचित गरेको र उनको जीर्णावस्थामा रहेको घर मरमत्तिको लागि निवेदन पनि गरेको बताएका छन्। तर, कसैले सहयोग नगरेको र आज उनको घर ढलेको बताए। उनले यस विषयमा भने, हालमा पूजा आजा, विभिन्न बिमारीलाई सहयोग गर्ने, तथा खेलहरु आयोजनामा लाखौं लाख रुपियाँ खर्च गरिन्छ, तर एकजना गरीबको घर बनाउन कसैले सहयोग गर्दैनन्। उनले ठटालको घर सबै मिलेर बनाइदिन आह्वान् गरेका छन्।

***** ० ****